# रिपोर्टर्स क्लब नेपाल : समाचारीय कारोबारको एक थलो

रामकान्त तिवारी

सञ्चारमाध्यम र त्यसमा पनि समाचारमाध्यमको उपादेयता एक ठाउँको सूचना अर्को ठाउँमा पुऱ्याउनुमा रहन्छ। सामान्यतः सञ्चारमाध्यमका समाचारका स्रोत भनेका कुनै ठाउँमा भइरहेको घटना वा कसैले बोलेका कुरा, धारणा हुने गर्दछन् वा तिनै घटनाको ओसार-पसार वा रिपोर्ट गर्दा समाचार बन्छ (हर्टली सन् १९८२ : २)। यसरी ओसार-पसार गरिने वस्तु भने समाजका राजनीतिकर्मी, नेता, अगुवा र पत्रकारबीचको 'ट्रान्ज्याक्सन' बाट जन्मन्छ। यसै सन्दर्भमा इरिक्सन र अरू (सन् १९८९ : ३७७) लेख्छन्, "समाचार भनेको पत्रकार र तिनका स्रोतबीच हुने अन्तर्क्रियाको फल हो।" यो भनाइको अर्थ के हो भने समाचारको लागि पत्रकारलाई यस्ता स्रोतहरूको आवश्यकता पर्छ जसमा उनीहरूको पहुँच सरल र सहज मात्रै होइन निरन्तर र दिगो पनि होस्। सुड्सनले लेखेअनुसार, "समाचार प्रसारणको निरन्तरता भनेको नै समाचार संस्थाहरूले सहजै प्राप्त गर्ने भरपर्दा सूचनाका स्रोत हुन् र यस्ता स्रोतका खाँचो सरकारी संस्था र नेताहरूले मज्जैले पूरा गरिरहेका हुन्छन्" (सुड्सन सन् २००३ : १३५)।

यसरी समाचारलाई एउटा कारोबारको रूपमा हेर्ने हो भने जति महत्त्व समाचारको छ त्यति नै सान्दर्भिकता त्यस्ता समाचारीय कारोबार हुने थलोको पनि भएको पाइन्छ। रिपोर्टर्स क्लब नेपाल पनि त्यस्तो एउटा थलो वा 'साइट'

*मिडिया अध्ययन* ४: ९७-११२ २०६६

हो जहाँ समाचारको कारोबार गरिन्छ। २०५५ सालमा स्थापित क्लबले यसै मेलोमा लेखेको छ, "रिपोर्टर्स क्लब नेपाल एउटा पत्रकारहरूको मञ्च हो जसले पत्रकार र राजनीतिक व्यक्ति, सांसद, उद्योगकर्मी, विद्वान् र समाजका पिछडिएका वर्गका प्रतिनिधिजस्ता 'न्यूजमेकर' लाई एकै थलोमा भेट गराउँछ।"[१] उसले आफूलाई आफ्नो स्थापनाकालदेखि नै नेपाली सञ्चारजगत्मा सूचनाको आदानप्रदान गर्ने थलोको रूपमा उभ्याउन खोज्दै यसो भनेको छ :

> संवाददाताहरूको यस्तो एउटा क्लब होस् जहाँ सूचनाको आदानप्रदान गर्न सकियोस्, आपसी छलफल र अन्तर्क्रिया गर्न सकियोस्, अनि त्यो क्लब यस्तो पनि होस् जसले पत्रकारिता क्षेत्रलाई योगदान देओस्, अनि समाज र राष्ट्रलाई पनि केही योगदान गरोस् (रिपोर्टर्स क्लब २०५९ : २२०)।

रिपोर्टर्स क्लबमा हुने सूचनाको आदानप्रदानको यही प्रक्रियासँग यो लेख सम्बन्धित छ। तीनमध्ये लेखको पहिलो खण्डमा रिपोर्टर्स क्लबमा पत्रकार-नेताबीच समाचारीय लेनदेन कस्तो हुन्छ भन्ने चर्चा छ। दोस्रो खण्ड क्लब र मिडियाहाउसबीचको कारोबार तथा निर्भरताका विषयमा केन्द्रित छ। र, अन्तिम खण्डमा नेता, मिडियाहाउस र क्लबको त्रिकोणात्मक सम्बन्धको थोरै गन्थन गरिएको छ।

## क्लब र पत्रकार-नेता कारोबार

२०६५ माघ १६ गते बिहानै रिपोर्टर्स क्लबमा फोन गर्छु, आज क्लबमा कार्यक्रम के छ भनेर बुझ्न। सरकारी अध्यादेश र नेपाली सेनामा भइरहेको भर्ती र त्यसले उत्पन्न गरेको विवादबारे क्लबमा संवाद हुँदैछ भन्ने जानकारी प्राप्त हुन्छ। मध्याह्न १२ बजे हुने उक्त कार्यक्रममा सरकारभित्र र सरकारबाहिरका पार्टीका केन्द्रीय नेताहरूलाई वक्ताको रूपमा बोलाइएको रहेछ। पौने १२ मा क्लबमा पुग्दा त्यहाँ खासै चहलपहल भने छैन। छेउको कोठामा एबीसी टिभीका रिपोर्टरहरू क्यामेरा मिलाउँदै बसिरहेका छन्। अर्को छेउमा केही अरू पत्रकार मोबाइलमा गीत बजाइरहेछन्, ओम शान्ति ओम। मध्याह्न १२ बजिसक्दा क्लबको हल अर्थात् साक्षात्कार कक्षमा केही व्यक्ति कुर्सीहरू मिलाउन थाल्छन्।

१२ बजेर ५ मिनेट जाँदा क्लबका अध्यक्ष ऋषि धमला आइपुग्छन्। टाढैबाट मुठी कसेर अभिवादन गर्दै उनी आउँछन्, सबैसँग हात मिलाउँछन् र

---

[१] रिपोर्टर्स क्लबको वेवसाइट www.reportersclub.org मा उल्लिखित।

भन्छन्, “नेताजीहरू आउँदै हुनुहुन्छ, बाटोमै हुनुहुन्छ, केही बेरमै कार्यक्रम सुरु हुन्छ ।”

त्यसको दस मिनेटपछि कार्यक्रमका एक वक्ता भीम रावल आएको थाहा हुन्छ र लगत्तै कार्यक्रम सुरु हुन्छ । धमला स्टेजमा चढ्छन् र कार्यक्रमका अन्य दुई वक्ताहरू रामशरण महत र मन्त्री देव गुरुङ बाटोमा आउँदै गरेको सबैलाई जानकारी गराउँछन् । दुई नेताहरू बाटोमै भए पनि भीम रावल धेरै व्यस्त भएकाले अन्य दुई जना वक्तालाई नकुरिकन ‘समयमै कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको’ कुरा बताउँछन् धमला । (हलका पत्रकारहरू गलल्ल हाँस्छन्, सायद ‘समयमै’ भन्ने शब्दले होला ।)

त्यसपछि धमलाले अहिले सेना समायोजनको मुद्दा चर्किरहेको, नेपाली सेनामा भर्तीको कुरा उठिरहेको र सरकारले अध्यादेश ल्याएकाले त्यसबारे एमालेको धारणा के हो बताउन भीम रावललाई आग्रह गर्छन् । रावल स्टेजमा चढ्छन् र बोल्न थाल्छन्, “आदरणीय पत्रकार साथीहरू... ।”

उनी बोल्नासाथ हलमा उपस्थित धेरैले समाचार टिप्न सुरु गर्छन् । कोही रावलतिर क्यामेरा सोझ्याएर उनले बोलेको कुरा खिच्दैछन्, र कोहीले उनको फोटो । धमला रावलको छेवैमा उभिरहेका छन् । रावल बोल्दैछन्, “सहमति र सहकार्यको बाटोमा सबैलाई मिलाएर जाऔँ, अहिले पनि नेकपा एमाले यही मान्यतामा दृढ छ । धमाधम अध्यादेश ल्याएर ऐन कानुन निर्माण गर्ने प्रक्रियामा जाने हो भने... । ... यो प्रक्रिया भएन...।”

रावल बोल्दाबोल्दै बीचैमा धमला सोध्छन्, “अध्यादेशको विरोध गर्छ एमाले ?” रावल उत्तर दिन्छन्, “अध्यादेशको त्यसरी निरपेक्ष रूपमा एमाले विरोध गर्दैन तर”, रावल बोल्दैछन्, “कुनै पनि अध्यादेश छ भने त्यो राजनीतिक सहमतिको आधारमा हुनुपर्छ ।”

त्यसपछि धमला स्टेजबाट ओर्लन्छन् । रावल बोल्दैगर्दा धमला फेरि बीचैमा स्टेजमा आउँछन् र प्रश्न गर्छन्, “अहिले कुनै सहमति भा’छ कि छैन ?” रावलको उत्तर, “अहिले मैले जानेबुझेसम्म यो अध्यादेश ल्याउनको लागि पार्टीगत रूपमा छलफल वा सहमति कायम भएको छैन । ...धन्यवाद ।”

रावलको मन्तव्य सकिन्छ र उनी स्टेजबाट ओर्लन खोज्छन् । धमलाले अरू वक्ताहरू बाटोमा आउँदै गरको कुरा फेरि सबैलाई जानकारी दिन्छन् । त्यसैबीच केही पत्रकार रावललाई प्रश्न तेर्स्याउँछन्, रावल ती प्रश्नको उत्तर दिन्छन् र आफ्नो कुरा सकेर हलबाट बाहिर निस्कन्छन् । बाँकी वक्ताहरू– महत र गुरुङ बाटोमै भएको र आइपुग्नै लागेको कुरा सबैलाई जानकारी गराउँछन् धमला ।




तस्बिर १ : रिपोर्टर्स क्लबको कार्यक्रममा बोल्दै गरेका नेकपा (एमाले) का नेता भीम रावल र पत्रकारहरू (तस्विर : लेखक)।

धमला भन्छन्, “महत त यही भवनभित्र आइसक्नुभयो। सिँढी उक्लँदै हुनुहुन्छ।” (हल भित्र हाँसो) धमला थप्छन्, “पार्लियामेन्टको जस्तो सिस्टम हो के यो, आउने जाने बोल्ने।” (फेरि हाँसो)

कोही एकजनाको बोली सुनिन्छ, “ल यही मौकामा चिया खानुपर्छ।” धमला तत्कालै थप्छन्, “ए ल चिया लिएर आउनू, चिया चिया।” यही मौकामा अर्को एकजनाले धमलालाई सोध्छ, “अध्यक्षज्यू, यो अध्यादेशको बारेमा तपाईं के भन्नुहुन्छ ?” (सबैतिर हाँसो) धमलाको उत्तर आउँछ, “अध्यादेशको बारेमा मैले अहिले नबोलूँ। यसको पक्षमा म छैन। विपक्षमा पनि म बोल्दिनँ।”

पत्रकारहरू एकआपसमा गफमा व्यस्त छन्। कोहीले धमलासँग कुरा गर्दैछन् भने कोही केही लेख्दैछन्। यत्तिकैमा धमलाले नेपाली काँग्रेसका नेता रामशरण महत त्यहाँ आइपुगिसकेको सबैलाई थाहा दिन्छन्। अनि धमला सुरु गर्छन्, “आदरणीय पत्रकार साथीहरू, आज हामी तीन विषयमा ...। यसको लागि म नेपाली काँग्रेसका नेता डा. महतलाई बोल्न आग्रह गर्छु।”

त्यसपछि महत स्टेजमा आउँछन् र माइकनेर उभिएर बोल्न थाल्छन्, “सर्वप्रथम त अहिले भर्खर जारी भएको अध्यादेश जो छ, यो सरासर गलत काम हो, र आपत्तिजनक




तस्बिर २ : रिपोर्टर्स क्लबको कार्यक्रममा बोल्दै गरेका नेपाली काँग्रेसका नेता रामशरण महत र पत्रकारहरू (तस्बिर : लेखक)।

पनि हो।" पत्रकारहरू फेरि क्यामेरा महततिर सोझ्याउँछन्, कोही भिडियो खिच्छन् भने कोही फोटो।

महत बोल्दैछन्, "कतिपय विधेयकहरू सरकारले क्याबिनेटमा वर्षौंदेखि राखेको छ ...।" धमला स्टेजबाट ओर्लिसकेका छन्। बीचमा चिया आउँछ। महत बोल्दैछन्, "जहाँसम्म सेनापति परिवर्तनको कुरो छ ... । म हाइपोथेटिकल कुरा गर्दिनँ।"

एकैछिनमा धमला स्टेजमा आउँछन् र महतलाई सोध्छन्, "यदि गऱ्यो भने के हुन्छ ?" महतको तत्काल उत्तर आउँछ, "त्यस्तो हाइपोथेटिकल कुरा म गर्दिनँ।"

धमला स्टेजबाट ओर्लंदै भन्छन्, "ल मन्त्रीजी आउनुभयो।" मन्त्री देव गुरुङलाई लिन उनी हलबाट निस्कन्छन्। महत बोल्दै गर्दा बीचमा गुरुङ स्टेजमा आइपुग्छन् र पछाडि सिटमा बस्छन्।

महतले आफ्नो कुरा टुङ्ग्याउँछन्, मन्त्री देव गुरुङसँग हात मिलाउँछन् र हलबाट बाहिरिन्छन्। धमला स्टेजमा जान्छन् र मन्त्री गुरुङलाई आफ्नो कुरा राख्न बोलाउँछन्। अनि गुरुङ बोल्न सुरु गर्छन्, "आदरणीय पत्रकार साथीहरू...।"




तस्बिर ३ : रिपोर्टर्स क्लबको कार्यक्रममा बोल्दै गरेका मन्त्री देव गुरुङ र पत्रकारहरू (तस्बिर : लेखक) ।

गुरुङले यसरी आफ्नो विचार राख्न सुरु गर्छन् र उनी बोल्दै गर्दा अघि महत र रावललाई झैँ पत्रकारले उनको फोटो लिने, उनले बोलेको कुरा खिच्ने काम गरिरहेका छन् । गुरुङ आफ्नो मन्तव्यको पुछारतिर आउनै लाग्दा नेता सीपी मैनाली अचानक स्टेजमा देखिन्छन् । गुरुङले आफ्नो कुरा सकेर क्लबको हलबाट निस्कन्छन् । धमला त्यसपछि स्टेजमा गई सीपी मैनालीलाई परिचय गराउँछन् र आफ्नो कुरा राख्न आग्रह गर्छन् ।

मैनाली बोल्दै गर्दा भने उनी बोलिरहेको फोटो वा भिडियो खिचेको देखिँदैन । पत्रकारहरू हलबाट निस्कन सुरसार गरेजस्तो देखिन्छ । मैनालीले आफ्नो कुरा राख्छन्, सक्छन् र धन्यबाद भन्दै हलबाट निस्कन्छन् । धेरैजसो पत्रकारहरू अघि नै निस्किसकेका छन् ।

◈◈◈

सोही दिन दिउँसो २ बजे पनि कार्यक्रम छ भन्ने अघि नै थाहा पाएको थिएँ। २ बजे क्लबमा पुग्दा केही सुरसार भने देखिँदैन। करिब १५ मिनेटसम्म कुर्दा केही मान्छेहरू हलभित्र छिर्छन्। उक्त कार्यक्रम 'संविधान निर्माण दबाब र सुझाव समूह' द्वारा आयोजित पत्रकार सम्मेलन रहेछ। यो रिपोर्टर्स क्लबको कार्यक्रम नभएकोले होला धमला लगायत क्लबसँग सम्बन्धित अरू व्यक्तिहरू त्यहाँ छैनन्। अघिल्लो कार्यक्रममा पनि देखिएका सगरमाथा टिभी र एबीसी टिभीका पत्रकारहरू भने यस कार्यक्रममा पनि छन्।

लगभग २ बजेर २० मिनेट जाँदा कार्यक्रम सुरु हुन्छ। पत्रकार सम्मेलनका आयोजकका तर्फबाट सबैलाई प्रेस विज्ञप्तिका एक-एक प्रति दिइन्छ र सोही कुरा माइकबाट पढेर सुनाइन्छ। अघिल्लो कार्यक्रममा जस्तो यहाँ पत्रकारहरूको भीड छैन। वक्तालाई घेरिरहेर फोटो वा भिडियो खिच्ने यहाँ कम छन्। करिब १० मिनेटमा कार्यक्रम सकिन्छ।

## *औपचारिकताभित्रको अनौपचारिक शीर्षके पत्रकारिता*

क्लबमा राजनीतिक र गैरराजनीतिक दुवैखाले विषयमा कार्यक्रम हुने गर्छ। तर सङ्ख्याको हिसाबले कार्यक्रम भने त्यहाँ बढी राजनीतिक मुद्दामा छलफल हुन्छ। क्लबले समाजको राजनीतिक पाटोलाई बढ्ता महत्त्व दिएको छ, र छलफलको शीर्षक पनि समसामयिक राजनीतिक वातावरणकै सेरोफेरोमा हुने गर्दछ। यसबारे क्लबका अध्यक्ष ऋषि धमला भन्छन् :

> म पोलिटिकल्ली पनि सानैदेखि सक्रिय भएर लागेको मान्छे। २०४६ सालको आन्दोलनसँगै म पत्रकारितामा प्रवेश गरेको भएर मसँग राजनीतिक चेतना छ। त्यसैले जनताले कुन कुरा सुन्न चाहन्छन् भन्ने ठम्याउन सक्छु। त्यसकारण क्लबमा छलफलका लागि एजेन्डा छान्दा चाहिँ तत्कालीन समाजले खोजेको कुरा चाहान्छु। जनतालाई सुसूचित गर्न र एउटा समाचारीय माहोल पनि बनाउने खालको टपिक छान्छु। ...शीर्षक छान्दा मुख्य कुरा भनेको तत्काल राजनीतिक मुद्दा के छ त्यही हो।[२]

धमलाले बताएअनुसार छलफल कार्यक्रमका विषय र वक्ता दुवै तात्कालिक आधारमा चयन गरिन्छ र यो पहिल्यैदेखिको रीत हो। जस्तो कि, उनीसँग कुरा गरेकै दिन (वैशाख ८ गते) को कार्यक्रमको विषय पनि उनले त्यसै दिन बिहान

---

[२] धमलासँग २०६६ वैशाख ८ मा गरिएको कुराकानी।

चयन गरेका थिए । प्रधानसेनापति विवादबारे भएको उक्त छलफल कार्यक्रमको शीर्षक मात्र होइन, वक्ता पनि केही अघि मात्र छानिएको थियो । कार्यक्रम सुरु हुनुभन्दा आधा घण्टाअघि म क्लब पुग्दा धमलाले फोन गरेर वक्ताहरू निम्त्याउँदै थिए । र, मिडियाका मान्छेलाई पनि क्लबमा विशेष कार्यक्रम हुन लागेकाले जसरी पनि रिपोर्टर पठाइदिन भन्दै थिए ।

यसरी रिपोर्टर्स क्लबमा उपस्थित भई कार्यक्रम सञ्चालनको अवलोकन गर्दा के देखिन्छ भने त्यहाँका कार्यक्रम औपचारिक कम छन्, अनौपचारिकताको मात्रा बढी छ । कार्यक्रम सुरु गर्दा केही औपचारिक जस्तो देखिए पनि त्यो क्रमशः अनौपचारिकतातर्फ मोडिन्छ । तर हाम्रो समाजका हरेक ठाउँ, पक्ष र पाटामा अनौपचारिकता भेटिने हुनाले क्लबमा देखिने अनौपचारिकता नौलो नभएको मान्ने पनि गरिन्छ ।[३]

त्यस्तै कार्यक्रमका वक्ता कति समय बोल्ने तोकिएको पनि छैन । वक्ताक्रमबारे पनि पहिल्यै थाहा हुँदैन । औपचारिकभन्दा पनि 'कन्भेनियन्स' वा अनुकूलताका आधारमा वक्ताहरू बोल्छन्, जान्छन् । वक्ताहरू प्रायः सबैले पत्रकारलाई मात्र सम्बोधन गरेर आफ्नो कुरा भन्छन् । उनीहरूको विश्वासमा त्यहाँ पत्रकार मात्रै छन्, वा त्यो साँच्चिकै रिपोर्टरको मात्र थलो हो । त्यस्तै कुनै वक्ता बोल्दै गर्दा धमलाले जुनसुकै बेला प्रश्न गर्न सक्छन्, जति पटक पनि प्रश्न गर्न सक्छन् । उनको भूमिका प्रश्नकर्ता वा 'इन्भोकर' को जस्तो छ ।

यसरी संवाद क्लब वा छलफल कार्यक्रम जस्तो देखिए पनि क्लब राजनीतिक-सामाजिक सरोकारवालासँग उत्तर वा स्पष्टीकरण मागिने थलोजस्तो लाग्छ । प्रश्न सोध्ने समय कम छ र भेला भएका सहभागीहरू (वक्ता र श्रोता/दर्शक) बीच छलफल हुनेभन्दा पनि वक्ताले आफ्नो कुरा राख्ने वा उसलाई कुरा राख्न लगाउने थलो बनेको देखिन्छ । त्यसैले यो आ-आफ्नो 'भर्सन प्रस्तुत गर्ने थलो'[४] हो, जहाँबाट घटनाभन्दा सूचना र सूचनाभन्दा बढी विचार आउँछ ।

समग्रमा भन्दा क्लब समाचारको चारो वा न्यूजबाइट निर्माण गर्ने थलो हो । यहाँको पत्रकारिताले औपचारिक समाचार र शीर्षक उत्पादन गर्छ, जसलाई विभिन्न सञ्चारमाध्यमले टिप्छन् र श्रोता/दर्शकलाई उपभोगको निम्ति पस्कन्छन् । साथै यस्तो औपचारिक समाचारको उत्पादन भने अनौपचारिक समाचारीय कारोबारबाट गरिन्छ र यस्तो किसिमको पत्रकारिता शीर्षके पत्रकारिता भन्न सकिने खालको छ ।

---

३ कान्तिपुर टिभीका जगत नेपालसँग २०६५ चैत २९ मा गरिएको कुराकानीमा आधारित ।

४ *अन्नपूर्ण पोष्ट*का विष्णु सुवेदीसँग २०६५ चैत २७ मा गरिएको कुराकानीमा आधारित ।

## *'प्रमोशनल' युग र नेताको उपस्थिति*

सिमोन कटल (२००३ : ३) ले भनेजस्तो अहिले हामी एउटा प्रमोशनल युगमा छौँ र समाजको जुनसुकै सरोकारवालाहरूले आ-आफ्नो स्वार्थ पछ्याउनका लागि आफ्ना कुराहरू मिडियामा पुऱ्याउन हरसम्भव कसरत गरिरहेका हुन्छन् । यसैले होला कतिपय खण्डमा राजनीतिक पार्टीका नेताहरूले प्रमोशनको लागि मन्त्रिपरिषद्, पार्टी कार्यालय वा उनीहरूकै निवासमा भन्दा क्लबमा कुरा गर्दा बढी पत्रकार आउँछन् भन्ने ठानेकाले पनि क्लबको गतिविधि र महत्त्व बढेको देखिन्छ । काँग्रेस नेता रामचन्द्र पौडेलले पहिला आफ्नो निवासमा पत्रकार सम्मेलन गर्नु र पछि त्यही कुरा क्लबमा गएर भन्नु, आपूर्ति मन्त्री राजेन्द्र महतोले मन्त्रिपरिषद्मा निर्णय हुनुभन्दा पहिले नै क्लबमा पुगेर तेलको भाउ घटेको जानकारी गराउनु आदि त्यसका उदाहरण हुन् । क्लबका अध्यक्ष धमलाका अनुसार पार्टीका कार्यकर्ता, नेता, मन्त्रीदेखि प्रधानमन्त्रीसम्मका व्यक्ति पनि क्लबमा आएर आफ्ना कुरा राखेका छन् ।[५] खासै कुरा केही भने पनि नभने पनि नगए केही छुटिहाल्छ कि भन्ने भावनाले पनि क्लबमा समाचारको लागि जानै पर्ने थलोजस्तो भएको देखिन्छ । यसमा क्लबको 'क्वालिटी भएको' भन्दा नेताको 'क्वालिटी नभएको' पनि भन्ने गरिएको छ । उनीहरूले त्यहाँ आएर रिपोर्टरहरूलाई सजिलो बनाइदिएका त छन्, साथै पार्टीका नेता र मान्छेले जहाँ पायो त्यहीँ बोल्दै हिँड्ने प्रवृत्तिले भने ती नेताकै महत्त्व घटाएको पनि छ ।[६]

## क्लब-मिडियाहाउस लेनदेन

रिपोर्टर्स क्लबको स्थापनाताका धेरैजसो समाचार सरकारी सञ्चारमाध्यमबाट मात्रै आउने गर्दथे । तर ती निकै अपूरा हुन्थे । यस्तो बेला रिपोर्टर्स क्लबले नै सरकारी सञ्चारमाध्यमले नल्याएका तर जनताले जान्न चाहेका मुद्दाहरूमा बहस छलफल चलाउने उद्देश्यले गैरसरकारी तवरबाट पहिलो पहल गरेको थियो । त्यसपछि लगातार हरेक शासनकालमा विभिन्न राजनीतिक पार्टी वा सामाजिक महत्त्वका व्यक्तिहरूलाई आफ्नो क्लबमा ल्याएर बोल्न लगाई सूचना समाचार सार्वजनिक गर्ने गरिरहेकाले यो क्लब अरूभन्दा फरक छ भन्ठान्छन् सञ्चारकर्मी ।[७]

---

[५] धमलासँग २०६६ वैशाख ८ मा गरिएको कुराकानीमा आधारित ।

[६] जगत नेपालसँग २०६५ चैत २९ र मिर्मिरे एफएमका श्रीधर न्यौपानेसँग २०६५ माघ २६ मा गरिएको कुराकानीमा आधारित ।

[७] श्रीधर न्यौपानेसँग २०६५ माघ २६ र इमेज टिभीका सन्तोष न्यौपानेसँग २०६५ चैत ३० मा गरिएको कुराकानीमा आधारित ।

स्थापनादेखि अहिलेसम्म टिकिरहन र आफूलाई समाचारीय कारोबारको मञ्च बनाइराख्न क्लबले मिडियाहाउससँग निरन्तर लेनदेनको सम्बन्ध बनाइराखेको हुन्छ ।

यस लेखको सुरुमा उल्लेख गरिएझैं सञ्चारमाध्यमलाई सधैँ गतिलो समाचार स्रोतको खाँचो पर्छ जसबाट निरन्तर समाचार बटुल्न पाइयोस् । रिपोर्टर्स क्लबका कार्यक्रमहरू खोजप्रधान नभएर औपचारिक भनाइप्रधान समाचारका स्रोत हुन् र यस्ता समाचारको लागि क्लब रिपोर्टरहरूको एउटा साझा थलो हो भन्ने प्रस्टै देखिन्छ । क्लबका कार्यक्रमहरूले गर्दा रिपोर्टरहरूले नेता, विज्ञ वा अरू सरोकारवालाका घर-घरमा पुगेर एक-एक जनालाई भेटेर उनीहरूको विचार सङ्कलन गर्नुपर्ने बाध्यतालाई हटाएको छ । साथै समय र अन्य साधन स्रोतको पनि बचत गरेको छ । क्लबमा के-कस्ता कार्यक्रमहरू हुँदैछन् को-को वक्ता आउँदैछन् भन्ने जस्ता जानकारी क्लबले हरेक मिडियाहाउसलाई इमेल वा फ्याक्सबाट पठाउँछ । क्लबमा छलफल हुन लागेको विषयसँग सम्बन्धित पत्रकारलाई कतिपय बेला धमला आफैंले टेलिफोन गरेर बोलाउने पनि गर्छन् । मिडियाहाउसले उक्त कार्यक्रमको समाचारीय महत्ता तौलेर क्लबमा आफ्ना रिपोर्टरहरू पठाउने गर्छन् । तर क्लबका सबै कार्यक्रममा रिपोर्टर जान्छन् भन्ने पनि छैन भन्दै कान्तिपुर टिभीका जगत नेपाल भन्छन् :

> रिपोर्टर्स क्लबजस्ता संवाद क्लब आफैंको कारणले हामी त्यहाँ जाने होइन कि, हाम्रो आवश्यकताअनुसार त्यहाँ जाने हो । हाम्रा त्यस्ता आवश्यकता मुख्यतया दुई खालका हुन्छन् । एउटा त त्यहाँ हुने 'टल पर्सनालिटी' का कारणले उसले बोलेका हरेक कुरा समाचार बन्न सक्छ । अर्को कुरा भनेको कहिलेकाहीँ कुनै मुद्दा वा इस्युमा केन्द्रित भई चलेका छलफल कार्यक्रमबाट पनि समाचार पाइन्छ र रिपोर्टर्स क्लबमा यस्तै कुनै मुद्दामा कार्यक्रम हुँदा जाने गरिन्छ । त्यसैले यतिखेर जाने यतिखेर नजाने भन्ने कुनै मापदण्ड छैन । मुख्य कुरा हाम्रो आवश्यकता हो । अझै पछिल्ला समयमा विशेष गरी कान्तिपुर टिभीको सन्दर्भमा भन्ने हो भने त हामीले प्रायःजसो त्यस्ता क्लबबाट समाचार ल्याउन बन्दै गरिसकेका थियौँ ।...मूल कारण नेताहरूले कहीँ न कहीँ बोलिसकेका कुरा त्यहाँ आउने गर्छ । फेरि ७५ ओटै जिल्लामा हाम्रा रिपोर्टरहरू छन् । उनीहरूले ती नेताहरूका कुरा सुनेर रिपोर्ट गरिसकेका हुन्छन् । कतिपय हाम्रा रिपोर्टरहरूले आ-आफ्नो बिटअनुसार नेताहरूलाई व्यक्तिगत रूपमा भेटिसकेका हुनाले पनि हामीलाई क्लबमै पुगेर न्यूज ल्याउनुपर्ने बाध्यता हुँदैन । कहिले त हामीले उठाइसकेको टपिकमा रिपोर्टर्स क्लबले पछिमात्रै कार्यक्रम गरेको हुन्छ ।[८]

---

[८] नेपालसँग २०६५ चैत २९ मा गरिएको कुराकानी ।

तर धेरै रिपोर्टरहरूलाई समाजका विभिन्न व्यक्ति वा राजनीतिक पार्टीका नेताहरूसँग सहजै पहुँच नहुने हुनाले क्लबमा जानुपर्ने देखिन्छ भने अर्कोतिर त्यहाँ वक्ताबीच हुने आरोप-प्रत्यारोपले ती रिपोर्टर वा पत्रकारलाई समाचारको खुराक दिन्छ ।[९] त्यसो त क्लबले सकेसम्म धेरै नेता र पत्रकार भेला पार्ने हुनाले पनि त्यहाँका कार्यक्रमले समाचारीय महत्ता राख्ने गर्छन् । अझै त्यसमा पनि मिडियाहाउसबीच नै कसले पहिला समाचार दिने भन्ने प्रतिस्पर्धा भएकाले पनि क्लबका कार्यक्रमलाई बेवास्ता गर्न नसकिने देखिन्छ । फेरि कार्यक्रममै नगई क्लब आफैंले पठाइदिने समाचारमा आफैंले खोजेको खुराक वा दृष्टिकोण पाउन सधैँ नसकिने हुनाले पनि त्यहाँ जानुपर्ने अवस्था छ । छापाले भन्दा इलेक्ट्रोनिक सञ्चारमाध्यमले समाचारको श्रव्य वा दृश्य समेट्नुपर्ने हुनाले उनीहरू त्यहाँ बढी जाने देखिन्छ । तर यसो भन्दैमा छापा सञ्चारमाध्यमले क्लबका कार्यक्रमबाट कम फाइदा लिएका छन् भन्ने चाहिँ होइन । उनीहरूले झन् क्लबमा कसैले भनेको कुरा वा मुद्दाका बारेमा अरू सम्बन्धित पक्षका दृष्टिकोण वा प्रतिक्रिया समेटेर भोलिपल्ट बढी विश्लेषणात्मक लेख समाचार प्रकाशित गर्न सक्छन् । साथै अहिले धेरै पत्रपत्रिकाहरूले समाचार अनलाइन प्रसारण गर्ने हुनाले पनि उनीहरूलाई क्लबमा हुने गतिविधिको महत्त्व हुन्छ । मुख्य कुरा त यो प्रतिस्पर्धात्मक जमानामा त्यहाँ नजाँदा केही न केही छुटिहाल्ने सम्भावना हुन्छ र त्यसरी क्लबलाई बेवास्ता गरेर जान सकिँदैन ।[१०]

त्यतिमात्र होइन क्लब आफैंले पनि त्यहाँका छलफलको सार वा प्रेस विज्ञप्ति मिडियाहाउसमा पठाउँदो रहेछ । यसको लागि क्लबसँग छुट्टै समाचार कक्ष र कर्मचारी छन् । कार्यक्रम भएको केही समयभित्रै कार्यक्रमको विस्तृत सार प्रायः सबै सञ्चारमाध्यमलाई पठाइन्छ । यस्ता सार केही बढी 'सेन्सेस्नल' बनाएर पठाइने हुनाले[११] कतिपय मिडियाहाउसले त्यसलाई पुष्टि गरेर मात्र समाचारको रूपमा प्रयोग गर्दा रहेछन् ।[१२]

---

[९] *राजधानी* दैनिकका प्रकाश अधिकारीसँग २०६५ चैत २६ मा गरिएको कुराकानीमा आधारित ।

[१०] *द हिमालयन टाइम्स*का टीका प्रधानसँग २०६५ चैत २९ र सगरमाथा टिभीका सुशील अर्यालसँग २०६५ फागुन ६ मा गरिएको कुराकानीमा आधारित ।

[११] रिपोर्टर्स क्लबका समाचार शाखाका दिपेश के.सी.सँग २०६६ वैशाख ८ मा गरिएको कुराकानीमा आधारित ।

[१२] *अन्नपूर्ण पोष्ट*का विष्णु सुवेदीसँग २०६५ चैत २८ र *द हिमालयन टाइम्स*का टीका प्रधानसँग २०६५ चैत २९ मा गरिएको कुराकानीमा आधारित ।

पत्रकारिता जगत् रिपोर्टर्स क्लबजस्ता संस्थामा भर पर्नु केही समयको लागि राम्रो भए पनि सधैंलाई उपयुक्त नहुने बताउँछन् पत्रकार ।[१३] मूल मुद्दाहरू पछ्याउन छोडेर पत्रकारहरू क्लबकै पछि लाग्ने हो भने यसले पत्रकारिताको मूल बाटो बिर्साउने डर छ । यतिमात्र होइन, यसले खोजी पत्रकारितालाई ओझेल पारेर 'कुराको खेती' गर्ने संस्कारको एकोहोरो बढावा गर्नसक्ने पनि ठानिएको छ । यसको साटो क्लबका छलफल/मुद्दाहरूलाई पछ्याउँदै खोजी पत्रकारितातिर लम्कनु पत्रकारिताको मर्म हो ।[१४]

## *क्लबको दिगोपन र धमला व्यक्तित्व*




तस्बिर ४ : रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमला (तस्बिर : लेखक)

---

[१३] कान्तिपुर टिभीका तीर्थ कोइराला, इमेज टिभीका राजन कुइँकेल, *द हिमालयन टाइम्स*का टीका प्रधान र *अन्नपूर्ण पोष्ट*का विष्णु सुवेदीको यसबारे एकै मत थियो । कोइराला, कुइँकेल, प्रधान र सुवेदीसँग क्रमश: २०६५ फागुन २७, २०६५ फागुन ४, २०६५ चैत २९ र २०६५ चैत २८ मा गरिएको कुराकानीमा आधारित ।

[१४] कान्तिपुर टिभीका तीर्थ कोइरालासँग २०६५ फागुन २७ र इमेज टिभीका राजन कुइँकेलसँग २०६५ फागुन ४ मा गरिएको कुराकानीमा आधारित ।

यसरी मिडिया र नेता/वक्तालाई क्लबसम्म निरन्तर तानिरहने एउटा मूल कारण धमलाको व्यक्तित्व पनि मानिन्छ। धेरै पार्टीका नेताहरूलाई उनले व्यक्तिगत रूपमा चिनेका छन् र उनका कार्यक्रममा पार्टीका केन्द्रीय स्तरका नेतालाई सजिलै बोलाउन सक्ने खुबी उनीसँग छ। अर्कोतिर मिडियाहाउसका मान्छेसँग पनि छलफल गरेर केमा बहस गर्न सकिन्छ भनेर सोध्ने, मिडियाहाउसमा आफैँले सम्पर्क गरेर संवाददातालाई क्लबमा पठाइदिन भन्ने गरेर उनले दुवैतिर सन्तुलित सम्बन्ध बनाएका छन्। मिडियाहाउस-क्लबबीचको सम्बन्ध हुनुमा उनी 'जति गाली गरे पनि नरिसाउने वा एकैछिनमा मिल्न आइहाल्ने' खालका भएकाले कतिपय सञ्चारकर्मीसँग सहज सम्बन्ध बनाउन सफल भएको ठानिन्छ। यही उनको 'थेचरो व्यक्तित्व' क्लबलाई स्थापनादेखि अहिलेसम्म अडाइराख्नुको एउटा कारण रहेको छ।[१५] हुन त उनको गतिविधिलाई एक किसिमको सस्तो प्रचारवाजी ठान्ने पनि छन्।[१६] यद्यपि उनको सक्रियतालाई कम आँकलन गर्न भने मिल्दैन। धमलाको सक्रियताबारे *अन्नपूर्ण पोष्ट*का रवि धामी भन्छन् :

> कतिपय रिपोर्टरले गर्न खोजेका मुद्दाहरूमा कार्यक्रम गरिदिने, उनीहरूले चाहेको व्यक्ति/नेतालाई नै बोलाइदिने गर्दथे। जुन विषयमा क्लबमा कार्यक्रम हुँदैछ, त्यही विषयमा रिपोर्टरलाई ऋषि दाइ आफैँले पनि फोन गर्थे। मलाई पनि फोन गर्थे ऋषि दाइले। हामीले 'दाइ यसमा बोल्न यो यो नेतालाई बोलाइदिनु पर्‍यो' भनेपछि उसैलाई बोलाइदिन्थे। मिडियाहाउसहरू क्लबमा त्यति धेरै भर पर्नु नपरे पनि, बेवास्तै गर्न नसकिने बनाउनुमा खास गरी धमलासँग भएको पहुँच र क्षमता नै हो।[१७]

यसरी धमलाले मिडियाहाउससँग पेशागत वा व्यक्तिगत रूपमा लेनदेनको सम्बन्ध जोड्ने गरेकाले अहिलेसम्म आफूलाई निरन्तर अडाइरहन सकेका छन्। रिपोर्टर्स क्लबजस्ता प्रकृतिका क्लबहरू नेपालबाहेक अन्य छिमेकी मुलुक भारत, बंगलादेश र पाकिस्तानमा पनि भएको तर तिनमा रिपोर्टर्स क्लबमा जस्तो दिनदिनै वा छिटो-छिटो कार्यक्रम नहुने गरेको जानकारहरू बताउँछन्। भारतको दिल्ली प्रेस क्लब र जापानको किसाकिराबो त्यस्ता क्लबका उदाहरण हुन् तर

---

[१५] कान्तिपुर टिभीका तीर्थ कोइरालाका शव्दमा। कोइरालासँग २०६५ फागुन २७ मा कुराकानी गरिएको थियो।

[१६] एबीसी टिभीका शुभशङ्कर कँडेलको ठम्याइ पनि यस्तै छ। कँडेलसँग २०६५ चैत २४ मा कुराकानी गरिएको थियो।

[१७] धामीसँग २०६५ चैत २८ मा गरिएको कुराकानी।

ती एकै मुद्दाविशेषमा केन्द्रित हुने र केवल भनाइप्रधान समाचारका लागि मात्र कार्यक्रम नगर्ने गरेको बताइन्छ ।[१८]

पछिल्लो समयमा आएर रिपोर्टर्स क्लबको गतिविधि सङ्कुचित पार्न केही चलखेल भएको तर ती सफल नभएको भन्ठान्छन् धमला । उनी भन्छन्, "क्लब चल्नुको मुख्य कारण क्लबको 'ब्राण्ड नेम' हो, र यहाँ जत्तिको मिडिया कभरेज अरू ठाउँमा नहुने हुनाले पनि धेरै जना यहाँ आउन र आफ्ना कुरा राख्न चाहन्छन् ।"[१९]

## त्रिपक्षीय सम्बन्ध/आ-आफ्नो सुर

दलका नेता/व्यक्ति, क्लब र मिडियाहाउसबीच त्रिकोणात्मक सम्बन्ध छ। राजनीतिक पार्टीका नेता र अरू व्यक्तिलाई आफू जति धेरै मिडियाको अगाडि बोल्यो त्यति राम्रो । नेताहरूले बाहिर गरेको कार्यक्रममा मिडियाका मान्छे कम आउने वा अरू माध्यममार्फत रिपोर्टरसँग पुग्न गाह्रो हुने हुनाले पनि उनीहरू आफ्ना कुरा राख्न क्लबमा आउँछन् । उता क्लबले जति धेरै मिडिया वा जति ठूला राजनीतिक पार्टीका नेता ल्याउन सक्यो उसका लागि पनि त्यतिकै राम्रो । त्यसै गरी मिडियाहाउसको लागि क्लबले जति महत्त्वपूर्ण मुद्दामा बहस गर्न सक्यो, जति ठूला नेता ल्याउन सक्यो र ती नेताबीच जति आरोप प्रत्यारोप हुन सक्यो त्यति नै राम्रो ।

यो सम्बन्धको त्रिवेणीका प्रत्येक सहभागीको भूमिकामा क्लब पत्रकारिताको स्वरूप भर पर्ने देखिन्छ । कुनै रिपोर्टरले क्लबमा आएका वक्ताको एकोहोरो विचार सुन्न छाडेर आफूलाई चाहिने मात्र छान्ने, त्यहीँ आएको बखत वक्तालाई छुट्टै भेट्ने वा वक्तासँग आफ्नो विषयसँग सम्बन्धित प्रश्नहरू राख्ने पनि गर्छन् । यही भूमिकामा भर पर्छ संवाद क्लबलाई अर्ध-संवाद क्लब बनाउने कि नबनाउने भन्ने कुरा । इमेज टिभीका सन्तोष न्यौपानेको अनुभवमा :

> क्लबमा कार्यक्रम सुरु हुनुभन्दा पहिला जाने वा कार्यक्रम सकेपछि मात्र गंएर वक्तासँग भेट्ने अनि आफूले चाहेको प्रश्न गर्ने वा आफूले एक्स्पेक्ट गरेको कुरा भनाउने पनि गरिन्छ । कतिचोटि त क्लबका कार्यक्रममा आउने भनेर प्रचार गरिएका वक्ता नआउने पनि हुन्छ । क्लबले बिहानैदेखि फ्याक्स वा फोन गरेर आज यस्तो-यस्तो कार्यक्रम छ,

---

[१८] कान्तिपुर टिभीका तीर्थ कोइरालासँग २०६५ फागुन २७ र *द हिमालयन टाइम्स*का प्रकाश आचार्यसँग २०६५ चैत २९ मा गरिएको कुराकानीमा आधारित ।

[१९] धमलासँग २०६६ वैशाख ८ मा गरिएको कुराकानी ।

> ठूला-ठूला पार्टीका अध्यक्ष आउँदै हुनुहुन्छ भन्छ, तर भरे त्यहाँ जाँदा कोही त्यस्ता ठूला नेता आएकै हुँदैनन् । त्यसैले पहिला वक्तालाई नै फोन गरेर पक्का गरेर मात्र जाने गरिन्छ । ... क्लबले त्यो आफ्नो एट्र्याक्सनको लागि गर्छ, नत्र त्यसो नगरे मिडियाका मान्छे नै आउँदैनन् ।[२०]

क्लबमा मात्रै पूर्ण आश्रित भई 'अल्छी पत्रकारिता' गर्ने कि त्यहाँ उठेका मुद्दालाई पछ्याउँदै खोजी पत्रकारिता गर्ने भन्ने दुई विकल्प यहाँ देखा पर्छ । यसकारण निरपेक्ष रूपमा क्लब आफैंमा अल्छी पत्रकारिताको थलो भएको भन्दा पनि यसलाई कसरी प्रयोग गरिन्छ भन्ने पक्ष बढी महत्त्वको देखिन्छ ।

आ-आफ्ना स्वार्थले डोऱ्याएर एकै थलोमा प्रस्तुत हुँदा राजनीतिक/सामाजिक नेता, रिपोर्टर/मिडियाहाउस र रिपोर्टर्स क्लब/ऋषि धमला एउटा सम्बन्धको त्रिवेणीमा छन् । स्थापनादेखि साक्षात्कार कार्यक्रममार्फत समाचारको उत्पादनमा लागेको क्लब आफ्नो उद्देश्य प्राप्तिमा कति सफल भएको छ, यसको छुट्टा-छुट्टै मूल्याङ्कन गर्न सकिएला । यसरी रिपोर्टर्स क्लबमा हुने समाचारीय कारोबार र गतिविधिले नेपाली पत्रकारिताको एउटा प्रवाह देख्न-बुझ्न सघाउ त पुऱ्याउँछ नै, नेपालमा राजनीति र मिडियाबीचको सम्बन्धको एउटा राम्रो छनक पनि दिन्छ ।

यसरी समाचारलाई घटनाभन्दा पनि त्यस घटनाको कारोबार वा 'ट्रान्ज्याक्सन' को रूपमा बुझ्न रिपोर्टर्स क्लब एउटा उपयुक्त थलो भएको छ । मिडियाहाउससँग रिपोर्टर्स क्लबको सम्बन्ध जति महत्त्वपूर्ण छ, त्यत्ति नै महत्त्व छ उसले समाजका अगुवा वा राजनीतिक दलका नेतासँग बनाएको सम्बन्ध । यिनै सम्बन्धबीच क्लबमा समाचारको पहिलो मञ्चन हुन्छ, अनि मात्र हुन्छ अन्य सञ्चारमाध्यममा समाचारको सार्वजनिक मञ्चन ।

**धन्यवाद**

२००९ को फेब्रुअरीदेखि अप्रिलसम्ममा गरिएको यस अध्ययनको निम्ति मार्टिन चौतारीले दिएको सहयोगको लागि उक्त संस्थाप्रति आभारी छु । अध्ययनको बेला वा पछि विभिन्न तवरले सुझाव दिई बाटो देखाउनु हुने प्रत्यूष वन्त, शेखर पराजुली र देवराज हुमागाईंप्रति हार्दिक कृतज्ञता प्रकट गर्छु ।

---

[२०] न्यौपानेसँग २०६५ चैत २९ मा गरिएको कुराकानी ।

## सन्दर्भ सामग्री

रिपोर्टर्स क्लब नेपाल । २०५९ । *स्मारिका* । काठमाडौं : रिपोर्टर्स क्लब नेपाल ।

Cottle, Simon. 2003. *News, Public Relations and Power*. London: Sage Publications.

Ericson, Richard V., Patricia M. Baranek, and Janet B. Chan. 1989. *Negotiating Control: A Study of News Sources*. Toronto: University of Toronto Press.

Harteley, John. 1982. *Understanding News*. London: Routledge.

Schudson, Michael. 2003. *Sociology of News*. New York: W.W. Norton.